मिति : २०८३/०५/०२, कापा बैठक संख्याः २-२०८३/८४

<u>बैठक नं. १</u>

आज मिति २०८३ साल भाद्र २ गते मंगलबार (ने.सं. ११४६, गुलाथ्व, षष्ठी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः दिनक ठिक १:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

<u>उपस्थितिः</u>

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

मिति : २०८३/०५/०२, का.पा बैठक संख्याः २-२०८३/८४

**प्रस्तावहरु**

२.१ करार कर्मचारीहरूको म्याद थप सम्बन्धमा,

२.२ आ.व. २०८३/८४ को दर रेट स्वीकृत गर्ने सम्बन्धमा,

२.३ अनुमति प्रदान गर्ने सम्बन्धमा,

२.४ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विद्युतीय अभिलेख संशोधन सम्बन्धमा,

२.५ मेलमिलापकर्ताहरू सूचिकृत सम्बन्धमा,

२.६ उपभोक्ता समिति गठन सम्बन्धमा,

२.७ रकम भुक्तानी सम्बन्धमा,

२.८ आर्थिक सहायता सम्बन्धमा,

२.९ बधाई ज्ञापन सम्बन्धमा,

**निर्णयहरू**

**२.१. करार कर्मचारीहरूको म्याद थप एवं सेवा सुविधा पुनरावलोकन सम्बन्धमा,**

यस गाउँपालिका अन्तर्गतका कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा विगत लामो समयदेखि करार तथा ज्यालादारी रुपमा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद मिति २०८३ असार मसान्तमा समाप्त भई म्याद थपका लागि सम्बन्धित कर्मचारीहरूबाट म्याद थपको निवेदन पेश भएको र निजहरूको काम सन्तोषजनक देखिएको तथा निजहरुको निरन्तरता नभएकोमा जनशक्ति अभाव भई कार्यसम्पादनमा कठिनाई हुने देखिएकाले सम्पूर्ण करार तथा ज्यालादारीमा कार्यरत रहेका कर्मचारीहरुसँग देहाय अनुसार सेवा सुविधा कायम हुने गरी शशर्तको हकमा सोही बमोजिम र अन्यको हकमा मिति २०८३ पौष मसान्त सम्मको लागि करार सम्झौता गर्ने ।

**देहाय**

| क्र.सं. | पद | तलब स्केल | चाडपर्व | पोशाक | बिदा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | **रोजगार सेवा केन्द्र** | | | | | |
| क | रोजगार संयोजक | शशर्त कार्यक्रमले तोकिए बमोजिम | खाइपाइ आएको तलबको सालबसाली १ महिना | चैत्र महिनामा रू.१०००० | सम्बन्धित कार्यविधिमा तोकिए बमोजिम | अन्य सेवा सुविधा प्रचलित कानून र परिपत्र बमोजिम |
| २. | **राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण** | | | | | |
| क | MIS अपरेटर | शशर्त कार्यक्रमले तोकिए बमोजिम | ,, | ,, | सम्बन्धित कार्यविधिमा तोकिए बमोजिम | ,, |
| ख | फिल्ड सहायक | ,, | ,, | ,, | ,, | |
| ३. | **सामी परियोजना** | | | | | |

कञ्चन गाउँपालिका

नवराज ढकाल
गा. पा. अध्यक्ष

मिति : २०८३/०५/०२, का.पा बैठक संख्याः २-२०८३/८४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | मनोसामाजिक परामर्शकर्ता | ३४७३० | " | " | " | " |
| ख | वित्तीय साक्षरताकर्ता | " | " | " | " | " |
| ४. | स्वास्थ्य तर्फ | | | | | |
| क | ल्याब टेक्निसियन | ३४७३० | " | " | | " |
| ख | अ.हे.व. | ३२९०२ | " | " | | गाउँपालिका स्रोत |
| ग | अ.न.मि. | " | " | " | | " |
| घ | ल्याब असिष्टेण्ट | " | | | | |
| ङ | एम्बुलेन्स चालक | हसचा प्रथमस्तरको शुरू तलबस्केल | " | " | | " |
| च | कार्यालय सहयोगी | २४७०२ | " | " | | " |
| ५. | प्रशासन कर्मचारी तर्फ (गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरू) | | | | | |
| क | सहायक कम्प्युटर अपरेटर | ३२९०२ | " | " | | " |
| ख | अमिन | चौथो तहको शुरू तलब स्केल बमोजिम | " | " | | " |
| ग | हलुका सवारी चालक | हसचा प्रथमस्तरको शुरू तलबस्केल | " | " | | " |
| घ | नगर प्रहरी हवल्दार | २७६१२ | " | " | | " |
| ङ | नगर प्रहरी जवान | २६०८२ | " | " | | " |
| च | सुरक्षा गार्ड | २६०८२ | " | " | | " |
| छ | इलेक्ट्रिसियन/प्लम्बर | २७००० | " | " | | " |
| ज | कार्यालय सहयोगी | २४७०२ | " | " | | " |
| ६. | सूचना प्रविधितर्फ | | | | | |
| क | सूचना प्रविधि अधिकृत | शशर्त | " | " | | " |
| ७. | गरिबी निवारणका लागि उद्यम विकास | | | | | |
| क | उद्यम विकास सहजकर्ता | शशर्त कार्यक्रमले तोके बमोजिम | " | " | | " |

कञ्चन गाउँपालिका

मिति : २०८३/०५/०२, का.पा बैठक संख्या: २-२०८३/८४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | जनस्वास्थ्य अधिकृत | | | | | |
| क | जनस्वास्थ्य अधिकृत | शशर्त कार्यक्रमले तोके बमोजिम | " | " | | " |
| ९. | एक गाउँ एक कृषि प्राविधिक | | | | | |
| क | ना.प्रा.स. | ३२९०२ | " | " | . | " |
| ख | ना.प.से.प्रा. | " | " | " | | " |

*उपरोक्त सबै कर्मचारीहरूलाई समेत सभावाट पारित सेवा सुविधा सम्वन्धी मापदण्ड अनुसार अन्य सेवा सुविधा उपलब्ध गराउने र सामाजिक सुरक्षा कोषकट्टी कार्यपालिकाको निर्णय बमोजिम हुने साथै करार कर्मचारीहरूको मंहगी भत्ता नेपाल सरकार तथा प्रदेश सरकारको परिपत्र अनुसार हुने ।*

**२.२. आ.व. २०८३/८४ को दर रेट स्वीकृत गर्ने सम्बन्धमा,**

यस गाउँपालिकाबाट सञ्चालित योजनाहरूको लागत अनुमान तयार लगायत खरिद प्रक्रिया अगाडी बढाउनका लागि आर्थिक वर्ष २०८३/८४ मा जिल्ला दररेटलाई आधार मानि तयार भई पूर्वाधार विकास शाखा (प्राविधिक शाखा)बाट पेश भएको तथा गाउँपालिकाका लागि आवश्यक औषधि खरीद कार्यका लागि (स्वास्थ्य शाखाबाट) पेश भएका देहाय अनुसारको रेट विश्लेषण (Rate Analysis) लाई स्वीकृत गर्ने ।

क. Analysis of Contract Rates Roads
ख. Analysis of Contract Rates Building
ग. औषधि दर रेट

**२.३. अनुमति प्रदान गरिएको सम्बन्धमा,**

यस गाउँपालिकामा कार्यरत वरिष्ठ प्रशासकीय अधिकृत श्री गिरीराज अर्याल (कं.सं.नं. २३५६३४), सहायक कम्प्युटर अधिकृत श्री नगेन्द्र मल्ल (कं.सं.नं. २३९२७५) र एम आइ एस अपरेटर सुरेन्द्र पोखरेलले कार्यालयको कामकाजमा असर नपर्ने गरी कार्यालय समयका अतिरिक्त तथा सार्वजनिक विदाको दिन परामर्श लगायतका अन्य कामकाज गर्न अनुमति माग गर्नु भएकोमा निजहरुलाई कार्यालयको कामकाजमा बाधा उत्पन्न नहुने गरी परामर्श सेवा लगायतका कार्य गर्न अनुमति प्रदान गर्ने ।

**२.४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विद्युतीय अभिलेख संशोधन सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन पश्चात तथ्यांक अद्यावधिक गरी भूमि समस्या समाधान समितिको प्रणालीमा प्रविष्टि गर्ने क्रममा केही परिवारमुलीहरुको वडा नं. फरक परेको भनि मौखिक गुनासो आएकोमा उक्त फरक परेको वडा नं. लाई निवेदन संलग्न राखी सच्याइ तथ्याङ्क प्रणालीमा संशोधन गरी अभिलेखिकरण गर्ने ।

कञ्चन गाउँपालिका

नवराज ढकाल
गा. पा. अध्यक्ष

मिति : २०८३/०५/०२, का.पा बैठक संख्या: २-२०८३/८४

२.५. मेलमिलापकर्ताहरूको नामावली सूचिकृत सम्बन्धमा,

आ.व. २०८३/८४ का लागि मेलमेलिपाकर्ताहरूको सूचिमा सूचिकृत हुन चाहनेहरूका लागि सार्वजनिक सूचना मार्फत निवेदन माग गरिएकोमा प्राप्त निवेदन समेतका आधारमा न्यायिक शाखाबाट तयार भई आएको देहायको मेलमिलापकर्ताहरूको नामावली सूचिकृत गरी नियमानुसार अद्यावधिक गर्ने ।

देहाय

| क्र.स. | नामथर | ठेगाना/पद | सम्पर्क |
|---|---|---|---|
| १. | श्री मधुकला घर्ति | मेलमिलाप संयोजक वडा नं- १ | ९८६०४१३०२२ |
| २. | श्री चोलाकान्त पाण्डेय | मेलमिलाप संयोजक वडा नं- २ | ९८४९५१७२६३ |
| ३. | श्री रोशन गिरी | मेलमिलाप संयोजक वडा नं- ३ | ९८४७०६१७७० |
| ४. | श्री चक्रपाणी पौडेल | मेलमिलाप संयोजक वडा नं- ४ | ९८४७२५५२७९ |
| ५. | श्री पवित्रा सत्याल | मेलमिलाप संयोजक वडा नं- ५ | ९८६००१५५५० |
| ६. | श्री गंगा घिमिरे | सैनामैना-०२,रुपन्देही | ९८४७५२३१८३ |
| ७. | श्री राधा भट्टराई | सैनामैना-२ रुपन्देही | ९८४०६९५२९४ |
| ८. | श्री धनपति ज्ञवाली | कञ्चन-३, रुपन्देही | ९८४४७५८८१६ |
| ९. | श्री विवेक गौतम | कञ्चन-१, रुपन्देही | ९८६६५८२३४१ |
| १०. | श्री खेम बहादुर क्षेत्री | कञ्चन-५, रुपन्देही | ९८४७१९०९२८ |
| ११. | श्री सविका थापा | कञ्चन-४, रुपन्देही | ९८६७०१११०५ |
| १२. | श्री इन्द्रा शर्मा | कञ्चन-२, रुपन्देही | ९८४७४३३८४१ |
| १३. | श्री सपना क्षेत्री | कञ्चन-३, रुपन्देही | ९८६७१९४२८२ |
| १४. | श्री देवीप्रसाद थारु | कञ्चन-१, रुपन्देही | ९८४२७०२२६० |
| १५. | श्री कृष्ण प्रसाद उपाध्याय | कञ्चन-१, रुपन्देही | ९८४७२५८६३६ |
| १६. | श्री चुडामणि पौड्याल | कञ्चन-१, रुपन्देही | ९८५१०८०५३६ |
| १७. | श्री लक्ष्मी प्रसाद पौड्याल | कञ्चन-१, रुपन्देही | ९८६७०१८०७७ |
| १८. | श्री कुस्मा देवी पुन | कञ्चन-१, रुपन्देही | |
| १९ | श्री मदन बहादुर मगर | कञ्चन-१, रुपन्देही | ९८२७५३२७७५ |
| २०. | श्री चन्द्रकला उपाध्याय | कञ्चन-१, रुपन्देही | ९८४७५२७८११ |
| २१ | श्री धनिश्वर शर्मा | कञ्चन-२, रुपन्देही | |
| २२. | श्री उमानन्द न्यौपाने | कञ्चन-२, रुपन्देही | ९८६७५६७८३४ |
| २३. | श्री रेनु कुँवर | कञ्चन-२, रुपन्देही | ९८६९३०६५९१ |
| २४. | श्री लक्ष्मी गिरी जि.सी. | कञ्चन-२, रुपन्देही | ९८६७७५३८२ |
| २५ | श्री शैलेन्द्र पुन | कञ्चन-२, रुपन्देही | ९८२८५७३९८७ |
| २६. | श्री नारायण प्रसाद न्यौपाने | कञ्चन-३, रुपन्देही | ९८६४४५३७३४ |
| २७. | श्री इन्द्र बहादुर पुन मगर | कञ्चन-३, रुपन्देही | ९८४४७७८४७१ |
| २८. | श्री भानुभक्त चालिसे | कञ्चन-३, रुपन्देही | ९८४५०९१९९३ |
| २९. | श्री कमला बि.क. | कञ्चन-३, रुपन्देही | |
| ३०. | श्री कविराज ढकाल | कञ्चन-४, रुपन्देही | ९८४७२७८७२५ |
| ३१ | श्री नन्द बहादुर खड्काथोकी | कञ्चन-४, रुपन्देही | ९८५७०१०१३२ |
| ३२. | श्री विष्णु बि.क. गोतामे सुनार | कञ्चन-४, रुपन्देही | ९८१५४७०७७५ |
| ३३. | श्री श्याम नारायण शर्मा | कञ्चन-५, रुपन्देही | ९८६३३९५६३८ |
| ३४. | श्री पुरन बहादुर नेपाली | कञ्चन-५, रुपन्देही | ९८४६९२५६३६ |
| ३५. | श्री सुष्मा कुमारी थापा | कञ्चन-५, रुपन्देही | ९८६९९३५९५४ |
| ३६. | श्री उमा गौतम ढकाल | कञ्चन-५, रुपन्देही | ९८४७२००८८३ |

| | | | |
|---|---|---|---|
| ३७. | श्री मदन प्रसाद पौडेल | कञ्चन-५, रुपन्देही | ९८५७०५७७४३ |
| ३८. | श्री उजेली बि.क. | कञ्चन-५, रुपन्देही | ९८४७५४५१५० |

**२.६. उपभोक्ता समिति गठन सम्बन्धमा,**

आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि वडा नं. १ देखि ५ सम्मका सम्पूर्ण वडा कार्यालयहरूले सम्वत् २०८३ साल भाद्र मसान्तसम्म उपोभक्ता समिति गठन गरी सोको जानकारी गाउँपालिकालाई गराउने र उपभोक्ता समिति गठन हुन नसकेका योजनाको हकमा गाउँपालिकाबाट एकमुष्ट रूपमा ठेक्का प्रक्रिया अगाडी बढाउनका लागि योजना र पूर्वाधार विकास शाखालाई निर्देशन गर्ने ।

**२.७. रकम भुक्तानी सम्बन्धमा,**

कञ्चन गाउँपालिका र परामर्शदाता संस्था सँग भएको सम्झौता बमोजिम र N-wash को प्रतिवेदन तयार भई गाउँकार्यपालिकामा पेश भएकोमा परामर्शदाता संस्था श्री नव किरण नेपालबाट पेश भएको प्रतिवेदन स्विकृत गरी उक्त परामर्शदातासँगको सम्झौता बमोजिमको रू. ८,३७,०५४.२८ अक्षरूपी आठ लाख सइतिस हजार चौवन्न रूपैंया अट्ठाइस पैसा मु.अ.कर.बाहेकको रकम भुक्तानीका लागि पेश भएकोमा गत आ.व. मा शुत्र प्रणालीमा आएको समस्याका कारण भुक्तानी हुन नसकेको बेहोरा प्रमाणित गर्दै चालु आ.व. मा उक्त परामर्शदातालाई भुक्तानी दिने ।

**२.८. आर्थिक सहायता सम्बन्धमा,**

यस कञ्चन गाउँपालिका वडा नं. ५ स्थित श्री गौतम बुद्ध सामुदायिक विकास केन्द्रले हरितालिका तिज पर्वको अवसरमा २०८३ भाद्र १८ गतेदेखि भाद्र २९ गतेसम्म तेस्रो गौतम बुद्ध कप 9A Side खुल्ला फुटबल प्रतियोगिता तथा तिज विशेष कार्यक्रम २०८३ आयोजना गरी आर्थिक सहायताका लागि प्रस्तावना पेश भएकोमा आ.व. २०८३/८४ को स्वीकृत वार्षिक बजेटको व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता ऐन बमोजिम खर्च हुने गरी शीर्षकबाट रू. ७५,०००/- (अक्षरूपी पचहत्तर हजार मात्र) रकम उपलब्ध गराउने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने ।

**२.९. बधाई ज्ञापन सम्बन्धमा,**

यस कञ्चन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री माधव प्रसाद पोख्रेल लोक सेवा आयोगबाट सञ्चालित रा.प.द्वितीय श्रेणी उपसचिव पदको लिखित तथा अन्तर्वार्ता परीक्षामा सफल भई सिफारिस हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै थप प्रगति र उन्नयनको शुभकामना शुभेच्छा व्यक्त गर्ने ।

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट दोस्रो कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिका बैठक सम्पन्न भएको घोषणा गर्नु भयो ।

नवराज ढकाल
गा. पा. अध्यक्ष